Infinite Campus Parent Portal (अभिभावक पोर्टल) मा नि:शुल्क वा घटाइएको शुल्क को लागि आवेदन दिने सम्बन्धि

तपाईको Infinite Campus Parent Portal (अभिभावक पोर्टल) लग इन गर्नुहोस्।
"More" (थप) मा क्लिक गर्नुहोस् र त्यसपछि "Meal Benefits" (खाना फाइदाहरु) मा क्लिक गर्नुहोस्।



आवेदन प्रक्रिया सुरु गर्न क्लिक गर्नुहोस्।



इलेक्ट्रोनिक हस्ताक्षर पिन सिर्जना गर्न "Yes" (हो) मा क्लिक गर्नुहोस्



५ अक्षर वा संख्या वा विशेष क्यारेक्टरहरू भएको पिन बनाउनुहोस्। पिन मा कम्तिमा १ अक्षर र १ नम्बर समावेश हुनुपर्छ। तपाईंले पहिले बनाउनु भएको पिन दुइ पटक प्रविष्ट गर्नुहोस् र त्यसपछि Parent Portal Password (अभिभावक पोर्टल पासवर्ड) प्रविष्ट गर्नुहोस्। "Submit" (पेश गर्नुहोस्) मा क्लिक गर्नुहोस्।

आवेदन खुल्नेछ। खण्डहरू माथि देखिनेछन् र तपाईंले तिनीहरूलाई समाप्त गर्दा हरियो हुन्छ। प्रत्येक पृष्ठको शीर्षमा रहेका निर्देशनहरू पालना गर्नुहोस्, त्यसपछि जारी राख्न "Next" (अगाडि) मा क्लिक गर्नुहोस्।

तपाइँसँग प्रत्येक खण्ड समाप्त गर्न ६० मिनेट हुन्छ। यदि तपाईंले समय समाप्त हुनु अघि खण्ड समाप्त गर्नुभएन भने, आबेदन बन्द हुनेछ, र तपाईंले फेरि सुरु गर्नुपर्नेछ।



घरमा बस्ने प्रत्येक व्यक्तिको लागि बक्स मा चिनो लाउनुहोस्।
यदि सूचीमा व्यक्तिहरू अटाएनन् भने, तिनीहरूलाई थप्न "Add Household Member" (घरपरिवार सदस्य थप्नुस्) मा क्लिक गर्नुहोस् कहिलेकाहीँ, अतिरिक्त प्रश्नहरू देखिन सक्छ। सोधेको जवाफ दिनुहोस्।



कहिलेकाहीँ, अतिरिक्त प्रश्नहरू देखिन सक्छ। सोधेको जवाफ दिनुहोस्।



"Children" (बच्चाहरु) ट्याबमा, तपाईंको घरमा १८ बर्ष र मुनिका प्रत्येक व्यक्तिको लागि बक्समा चिनो लाउनुहोस्



तपाईंको घरमा बस्ने कोहि जसले आय आर्जन गर्दैन उस्कोलागी बक्समा चिनो लाउनुहोस्। आम्दानी गर्ने व्यक्तिहरूको लागि "Add Income" (आय थप्नुस्) मा क्लिक गर्नुहोस्।



प्रत्येक प्रकारको आम्दानीको लागि रकम र त्यो रकम कति पटक भुक्तान गरिन्छ प्रविष्ट गर्नुहोस्।



"yes" (हो) वा "No" (होइन) मा क्लिक गरेर "Authorization" (अधिकारीत्व) त्याबमा सबै खण्डहरू पूरा गर्नुहोस्।

अन्य बक्सहरू पूरा गर्नुहोस् र "Accept" (मंजुर) मा क्लिक गर्नुहोस्।



तपाईंले पहिले बनाउनु भएको आफ्नो E-Signature PIN प्रविष्ट गर्नुहोस् र "Submit" (पेश गर्नुहोस्) मा क्लिक गर्नुहोस्।